# पोखरा लेखनाथ महानगरपालिका
## नगरकार्यपालिकाको कार्यालय,
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

प्रथम पटक प्रकाशित मिति २०७५/०४/१४ गते

### ढुङ्गा, वालुवा, गिट्टी, रोडाको कर तथा बिक्री शुल्क उठाउने ठेक्का बन्दोवस्त सम्बन्धी बोलपत्र आह्वानको सूचना ।

पोखरा लेखनाथ महानगरपालिका नगरकार्यपालिकाको कार्यालयवाट स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-३, दफा ११ (घ) ६ बमोजिम चालु आ.व. २०७५/०७६ का लागि तपशिल वमोजिमका नदीजन्य पदार्थ ढुङ्गा गिट्टी वालुवाको आय संकलन ठेक्कापट्टाको माध्यमबाट गर्नुपर्ने भएकोले ठेक्का पट्टा गर्नको लागि योग्य फर्म वा कम्पनीले तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी तपशिलमा उल्लेखित मिति र समय भित्र यस कार्यालय राष्ट्रिय वाणिज्य बैंक पृथ्वीचोक मा रहेको खाता नं. ३०२०३०४०१८१०६ मा तोकिएको रकम वुझाई वोलपत्र फाराम यस कार्यालयबाट खरिद गरी, मु.अ. कर र अग्रिम आयकर सहितको कूल कवोल को ५ % (पाँच प्रतिशत)ले हुन आउने रकम धरौटी स्वरुप यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक पृथ्वीचोक मा रहेको खाता नं. ३०२०३०३००७१०६ मा जम्मा गरेको सक्कलै वैंक भौचर, वा कम्तिमा १२० दिन म्याद भएको वाणिज्य वैंकले यस कार्यालयको नाममा जारी गरेको बैंक ग्यारेन्टी (Bid Security) संलग्न राखी शिलवन्दी वोलपत्र फाराम पेश गर्न सकिने गरि यो आन्तरिक आय संकलन सम्वन्धी सूचना प्रकाशित गरिएको छ ।

तपशिल

- फर्म दर्ता प्रमाणपत्र
- ठेक्कापट्टाको कार्य गर्न जारी नविकरण भएको इजाजत पत्रको प्रमाणित फोटोकपी
- मु.अ. कर दर्ता प्रमाणपत्रको प्रमाणित फोटोकपी
- करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

Pokhara Lekhnath Metropolitan City
Office of the Municipal Executive

| ठेक्का नं. | घाटको नाम | उत्खनन् हुने अधिकतम परिमाण घ.मी. | न्यूनतम रकम -करवाहेक) | वोलपत्र फारम दस्तुर | वोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | वोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|
| 01/PLMC/GHAT/075-76 | रामघाट | ६२८८० | ३,८३,५७,००० | ५००० | २०७५/०५/१२ गते ५ बजे सम्म | २०७५/०५/१३ गते १२ बजे सम्म |
| 02/PLMC/GHAT/075-76 | पशुपति घाट, पशुपति घमाउरे घाट, मुसेटुडो सैनिक घाट र चमेरे घाट | ५६६४० | ३,४५,५१,००० | ५००० | २०७५/०५/१२ गते ५ बजे सम्म | २०७५/०५/१३ गते १२ बजे सम्म |
| 03/PLMC/GHAT/075-76 | गढी घाट, उपल्लो पुडी घाट, तल्लो पुडी घाट र रातो पहिरो खोरी घाट | ४००७० | २,४४,४३,००० | ५००० | २०७५/०५/१२ गते ५ बजे सम्म | २०७५/०५/१३ गते १२ बजे सम्म |
| 04/PLMC/GHAT/075-76 | तल्लो गोस्ते घाट, गजरे घाट, याम्दी घाट र लालटेन बजार घाट | २४०१८ | १,४६,५१,००० | ३००० | २०७५/०५/१२ गते ५ बजे सम्म | २०७५/०५/१३ गते १२ बजे सम्म |
| 05/PLMC/GHAT/075-76 | ढाब घाट, दशखेत घाट, तुलसीतरा घाट, पुरन्चौर नँया घाट र पुरन्चौर ढोडीनी घाट | २३३७५ | १,४२,५९,००० | ३००० | २०७५/०५/१२ गते ५ बजे सम्म | २०७५/०५/१३ गते १२ बजे सम्म |
| 06/PLMC/GHAT/075-76 | द्वार कस्यार घाट | १०६२५ | ६४,८२,००० | ३००० | २०७५/०५/१२ गते ५ बजे सम्म | २०७५/०५/१३ गते १२ बजे सम्म |
| 07/PLMC/GHAT/075-76 | तल्लोखेत घाट | ३९६० | २४१६००० | ३००० | २०७५/०५/१२ गते ५ बजे सम्म | २०७५/०५/१३ गते १२ बजे सम्म |
| 08/PLMC/GHAT/075-76 | नारायणस्थान घाट | ३६७५ | २२,४२,००० | ३००० | २०७५/०५/१२ गते ५ बजे सम्म | २०७५/०५/१३ गते १२ बजे सम्म |
| 09/PLMC/GHAT/075-76 | भेडिफारम घाट | ३२४० | १९,७७,००० | ३००० | २०७५/०५/१२ गते ५ बजे सम्म | २०७५/०५/१३ गते १२ बजे सम्म |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 10/PLMC/GHAT/075-76 | काहुँखोला घाट | १३६५ | ८,३३,००० | १००० | २०७५/०४/२८गते ५ बजे सम्म | २०७५/०४/२९ गते १२ बजे सम्म |

शर्त तथा बन्देजहरु

१. खरिद भएका बोलपत्रहरुको प्रत्येक पानामा सहि,छाप र खाम शिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना र ठेक्काको नाम लेखि माथी उल्लेखित मिति र समय भित्र खामबन्दी गरी यस कार्यालयमा वोलपत्र पेश गर्न सकिने छ । दर्ता हुन आएका शिलवन्दी वोलपत्रहरु सोही दिनको १.०० वजे यस कार्यालयमा वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न बाधा पर्ने छैन ।

२. ठेकेदार र पोखरा लेखनाथ महानगरपालिका बीच ठेक्का शर्तहरुका सम्वन्धमा कुनै विवाद उठेमा पोखरा लेखनाथ महानगरपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ यसमा ठेकेदारको कुनै उजुर लाग्ने छैन । बोलपत्र स्वीकृत भई सम्झौता हुंदा वातावरण संरक्षण ऐन, नियमावली लगायत प्रचलित ऐन नियम अनुसारका शर्त तथा बन्देज समेत पालना गर्नु पर्नेछ ।

३. ठेक्का स्वीकृत पश्चात तोकिएको समय भित्र सम्झौता हुनु पुर्व नै कर सहितको कवुल रकम एकमुष्ट बुझाएमा ५ प्रतिशत छुट दिइनेछ । सो नभए प्रथम किस्ता वापत कवोल रकमको कम्तिमा ५० प्रतिशत कर सहितको रकम यस कार्यालयको खातामा जम्मा गर्नु पर्नेछ । वांकी ५० प्रतिशत रकमको हकमा नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकवाट यस कार्यालयको नाममा जारी गरिएको २०७६ श्रावण मसान्त सम्म म्याद कार्य सम्पादन जमानत पेश गर्नु पर्नेछ । उक्त कार्य सम्पादन जमानत बराबरको रकम २०७६ फाल्गुन मशान्त भित्रमा यस कार्यालयको खातामा जम्मा गर्नु पर्नेछ ।

४. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा महानगरपालिकाको तर्फवाट ठेक्का तोडी बांकी रहेको किस्ता वैंक ग्यारेण्टीवाट असुल उपर गर्ने गरी कानूनी प्रक्रिया अपनाइनेछ । असुल गर्न वांकी रकममा १० प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी वाँकी सरह असुल उपर गरिनेछ ।

५. हुलाक मार्पत वोलपत्र पेश गर्नेले वोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय भित्र कार्यालयमा दर्ता भईसक्नु पर्नेछ । सो म्याद काटि आएको वोलपत्रलाई मूल्याङ्कनमा समावेश गरिने छैन । कुनै शर्त राखि पेश गरेको र रीत नपुगेको वोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

६. नदी किनार तथा आसपासका बनस्पति र जीवजन्तुलाई असर नपर्ने गरी राष्ट्रिय लोकमार्ग, सहायक लोकमार्गका दायाँ वायाँ निषेधित स्थान वाहेक तोकिएको स्थानवाट मात्र नदीको बहाव परिवर्तन नहुने गरी सूर्यादय देखि सूर्यास्त सम्म मात्र नदिजन्य

Pokhara Lekhnath Metropolitan City
Office of the Municipal Executive

पदार्थ झिक्न पाइनेछ । हावा चलेको वेलामा, पानी चुहिने गरी, धुलो उड्ने गरी , ओभरलोड हुने गरी ढुवानी गर्न पाइने छैन ।

७. पुल, कजवे तथा कल्भटवाट दुवै तर्फ, राष्ट्रिय लोकमार्गमा पर्ने पुलहरुको २०० मिटर अपस्ट्रिम २०० मिटर डाउन स्ट्रीम सम्म ढुङ्गा, रोडा, ग्राभेल, गिट्टी र वालुवा समेत निकाल्न पाइने छैन ।

८. घाटसम्म जाने बाटोको निकास आफैं ब्यवस्थापन गर्ने जिम्मेवारी स्वयं बोलपत्रदाताको हुनेछ ।

९. नदीजन्य पदार्थ निकासी गर्दा राष्ट्रिय र सहायक राजमार्गलाई असर पर्ने गरी सडक निर्माण गर्न पाइने छैन र असर नपर्ने गरी निर्माण गर्नु परेमा निर्माण गर्दा लाग्ने खर्च बोलपत्रदाता स्वयंले ब्यहोर्नुपर्नेछ ।

९. ढुङ्गा, ग्राभेल, गिट्टी, रोडा र वालुवा समेतको कारोवार गर्दा वालश्रम प्रयोग गर्न निषेध गरिएको छ । वातावारणमा प्रतिकूल असर पर्ने प्रविधि अपनाउन पाइनेछैन । मजदुरको ज्यालाको हकमा जिल्ला दररेटमा कम नहुने गरी ज्याला दिनु पर्नेछ।

१०. स्वीकृत घाट क्षेत्रमा ढुङ्गा, गिट्टी, रोडा, चोकर, वालुवा आदि उत्खनन एवं संकलन कार्यमा मेशिन प्रयोग गर्न निषेध गरिएको छ।

१२. नदि, खोला, वगर एवं सार्वजनिक आवागमनमा वाधा हुने गरी संकलित सामान जम्मा गर्न पाइनेछैन ।

१४. वोलपत्रका सम्वन्धमा थप केही वुझ्नु परेमा कार्यालय समयमा राजश्व शाखामा सम्पर्क गरी वुझ्न सकिने छ । साथै विस्तृत विवरण वोल पत्र फाराम साथ उपलव्ध गराइनेछ ।

१५. आ.ब. २०७५/०७६ का केहि महिना नेपाल सरकारको निर्णयले घाट वन्द भएमा कार्य समयावधि सोहि वमोजिम कायम हुनेछ र उल्लेखित परिमाण सोहि समयावधिमा विक्री गर्नु पर्नेछ । त्यसका लागि वोलपत्रदाताले कुनै क्षतिपूर्ति वा हर्जनाको माग गर्न पाउने छैन ,

१६. अनुगमन समितिको निर्णय वमोजिम निर्धारण गरिएको क्षेत्रमा ठेकेदार आफैले संकलित सामाग्रीको घाटगद्घी गरेर मात्र विक्री वितरणको ब्यवस्था मिलाउनु पर्नेछ । घाटगद्घी गर्दा लाग्ने खर्च ठेकेदार स्वयंले नै ब्यहोर्नु पर्नेछ ।

१७. वोलपत्रदाताले ढुङ्गा, गिट्टी, वालुवा, रोडा विक्री गर्दा आ.ब. ०७५/७६ को लागि जिल्ला दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट भन्दा बढि हुने गरी विक्री गर्न पाउने छैन ।

१८. वोलपत्रदाताले आफूले निकासी गरेको परिमाणको विक्री विवरण अनिवार्य रुपमा महानगरपालिकामा मासिक रुपमा पेश गर्नुपर्नेछ ,

१९. स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा उल्लेखित विषयहरु, पालना गर्नुपर्ने शर्तहरु, जोखिम न्यूनिकरणका लागि तोकिने मापदण्डहरु, प्रत्येक क्षेत्रबाट

Pokhara Lekhnath Metropolitan City
Office of the Municipal Executive

उठाउन सकिने प्राकृतिक स्रोत ढुङ्गा, वालुवा, गिट्टी, ग्राभेल, रोडाको परिमाण समेतका विषयहरु सोही (IEE) प्रतिवेदनले निर्दिष्ट  गरे बमोजिम हुनेछन्, तिनको पालना गर्नु बोलपत्रदाताको कर्तब्य हुनेछ ।

२१. नदि खोलामा जे.सि.भि. चलाउन वा पानीको बहावलाई प्रभाव पार्ने गरी अस्थायी पुल वा ह्युम पाइप राख्न पाइने छैन ।  सो प्रयोजनको लागि महानगरपालिकाले कुनै अनुमति दिनेछैन ।  नदि वा खोलाको वारीपट्टी भएको माल वारीपट्टी बाटै र पारीपट्टी भएको माल पारिपट्टी बाटै बाटो आफै ब्यवस्था गरी ठेकेदारले लैजाने गरी ब्यवस्था मिलाउनु पर्नेछ ।

२२. उल्लेखित न्यूनतम रकम मु.अ. कर र अग्रिम आयकर वाहेक रहेको छ वोलपत्रदाताले कवोल रकममा मु. अ. कर र अग्रिम आयकर समेत जोडी दाखीला गर्नु पर्नेछ ।

२३. वोलपत्र खरिद तथा दाखिलाको अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्टलाई अन्तिम दिन मानिने छ ।

२४. वोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहने छ । कार्यालयले आवश्यक नठानेमा जुन सुकै चरणमा पनि आंशिक वा पुरै वोलपत्र प्रक्रिया रद्ध गर्न सक्नेछ ।

२५. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून वमोजिम हुनेछ  । नेपाल सरकार प्रदेश सरकार र महानगरपालिकाले समय समयमा दिएका निर्देशनहरु पालन गर्नु बोलपत्रदाताको कर्तब्य हुनेछ ।